# नयाँ शक्ति पार्टी, नेपाल
## Naya Shakti Party, Nepal
केन्द्रीय कार्यालय, बबरमहल, काठमाडौं


मिति : २०७४/१०/१०

प.सं.- ०७४/०७५
च.नं.- १७१

## राष्ट्रियसभा निर्वाचन सम्बन्धमा नयाँ शक्ति पार्टी, नेपालको प्रेस बिज्ञप्ति

नयाँ शक्ति पार्टी, नेपाल राष्ट्रियसभालाई राष्ट्रिय जीवनमा सकारात्मक भूमिका खेल्न सक्ने प्रबुद्ध व्यक्तित्वहरुको सभा हो भन्ने ठान्दछ । आसन्न निर्वाचनमा राष्ट्रियसभालाई सोहि अनुसारको गरिमा दिन नयाँ शक्ति पार्टीले बिभिन्न पार्टीहरुसँग पटक-पटक छलफल गर्दै आएको हो । यसै सन्दर्भमा नेपाली कांग्रेस, नयाँ शक्ति पार्टी र विवेकशील साझा पार्टीको बीचमा पटक-पटक छलफल भई राष्ट्रियसभाको गरिमालाई बलियो बनाउने र विपक्षीहरुको सकारात्मक भूमिका र पहल कदमीलाई समेत संसदीय लोकतन्त्रको मान्यता अनुसार सुदृढ गर्ने अभिप्रायले नपाली कांग्रेसका ३ नं. प्रदेशको खुलातर्फका उम्मेदवार बरिष्ठ अधिवक्ता राधेश्याम अधिकारीलाई समर्थन गर्ने र सोही अनुसार मतदान गर्ने निर्णय गरेको छ।

नयाँ शक्ति पार्टी, नेपालको समेत मतबाट विजयी हुने उम्मेदवारले राष्ट्रिय सभामा पार्टीगत स्वार्थभन्दा माथि उठी महत्वपूर्ण विषयमा राष्ट्रिय हीतलाई सर्वोपरि राखी आफ्नो भूमिका निर्वाह गर्नु हुनेछ भन्ने हाम्रो बिश्वास रहेको छ ।

............................
गंगानारायण श्रेष्ठ
संयोजक
केन्द्रीय कार्यालय